# goAML System Data Quality Enhancement सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र goAML रिपोर्टिङ्ग सम्बन्धमा २०८३ साल जेठ २१ गते बिहीबार नेपाल राष्ट्र बैंक, बैंकर्स तालिम केन्द्र, थापाथलीमा नेपाल बैंकर्स संघ (NBA), NBA AML/CFT Committee का सदस्यहरू तथा सदस्य बैंकका IT प्रतिनिधिहरूको सहभागितामा goAML System मा प्रतिवेदनको गुणस्तर अभिवृद्धि तथा संशोधित XML Schema सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको अध्यक्षता वित्तीय जानकारी इकाईका प्रमुख वासुदेव भट्टराईले गर्नुभएको थियो । कार्यक्रममा वित्तीय जानकारी इकाईका सहायक विवेश पोखरेलले goAML System मा प्रतिवेदनको गुणस्तर सुधार गर्ने उद्देश्यले लागू गरिएका प्रस्ताबित Data Quality Measures, XML Schema मा गरिएका परिमार्जनहरू तथा २०२६ जुन १ देखि कार्यान्वयनमा ल्याउने लक्ष राखि Validation Requirements सम्बन्धी विस्तृत प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणका क्रममा ग्राहक पहिचान विवरण, PAN/VAT सम्बन्धी व्यवस्था, नागरिकता तथा राष्ट्रिय परिचयपत्र विवरण, Entity Reporting, Empty XML Tags सम्बन्धी मापदण्ड, TBML सम्बन्धी STR Reporting Requirement लगायतका विषयमा विस्तृत जानकारी प्रदान गरिएको थियो ।

प्रतिवेदनको गुणस्तर सुधार गर्ने उद्देश्यले लागू गरिएका प्रस्तावित Data Quality Measures हरु "क" बर्गका बैंकहरुलाई सुझावको लागि पठाइएकोमा सम्पुर्ण बैंकहरुको तर्फबाट NBA AML/CFT Committee का सदस्यहरूले प्रस्तुती तथा सुझाब पेश गर्नुभएको थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका विश्लेषकद्वारा Reporting Entity हरूले पेश गरेका प्रतिवेदनहरु बिश्लेषण गर्ने क्रममा सामना गरिरहेका व्यावहारिक समस्या, Data Quality सम्बन्धी बारम्बार देखिएका त्रुटिहरू तथा तिनको समाधानका उपायहरूबारे प्रस्तुति तथा छलफल गरिएको थियो । सहभागी संस्थाहरूले पनि प्रणाली सञ्चालन, Reporting Process तथा Technical Integration सम्बन्धी आफ्ना अनुभव तथा चुनौतीहरू साझा गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै सहायक निर्देशक कमल पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण प्रणालीलाई प्रभावकारी बनाउन गुणस्तरीय तथा विश्वसनीय वित्तीय सूचना अत्यावश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले Reporting Entity हरूले कानुनी तथा नियामकीय दायित्व अनुरूप समयमै, पूर्ण तथा शुद्ध प्रतिवेदन पेश गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी उपनिर्देशक केशव प्रसाद रिमालले goAML System को प्रभावकारी कार्यान्वयन, Data Integrity तथा Reporting Quality अभिवृद्धिमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको बताउँदै संशोधित Schema बमोजिम आवश्यक प्रणालीगत तथा सञ्चालनगत तयारी समयमै सम्पन्न गर्न आग्रह गर्नुभयो ।

कार्यक्रमको समापनका क्रममा एकाइ प्रमुख वासुदेव भट्टराईले नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप AML/CFT/CPF प्रणाली सुदृढीकरणका लागि गरिरहेको प्रगति, हालसम्म प्राप्त उपलब्धि, ग्रे-लिस्टिङसँग सम्बन्धित कार्ययोजनाको कार्यान्वयन अवस्था तथा राष्ट्रिय रणनीतिका प्रमुख पक्षहरूबारे जानकारी गराउनुभयो । साथै, उहाँले कानुनले तोकेका संस्था तथा क्षेत्रहरूको goAML System मा आबद्धता सुनिश्चित गरिनुका साथै जोखिममा आधारित दृष्टिकोण अनुरूप अन्य क्षेत्रहरूलाई समेत क्रमशः प्रणालीमा समेट्दै लगिने जानकारी दिनुभयो ।

उहाँले Mutual Evaluation तथा अन्तर्राष्ट्रिय मूल्याङ्कन प्रक्रियाबाट पहिचान गरिएका कमजोरीहरूलाई सम्बोधन गर्न सम्बन्धित सबै पक्षको सक्रिय सहकार्य आवश्यक रहेको उल्लेख गर्दै Compliance Officer तथा IT प्रतिनिधिहरूलाई Reporting Quality सुधारमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । कार्यक्रमका क्रममा सहभागीहरूले उठाएका जिज्ञासा, प्रश्न तथा सुझावहरूको समेत उहाँले सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले संशोधित Data Quality Requirements कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै वित्तीय जानकारी इकाईबाट यस्ता प्राविधिक तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू आगामी दिनमा समेत निरन्तर सञ्चालन गरिनुपर्ने धारणा राखेका थिए ।